# 3 परमेश्वरको रुपमा पवित्र आत्मा

***यस अध्यायका मूल पदहरू:*** प्रेरित ५:१-४, १ कोरन्थी २:१०,११, यशैया ६३:१०-१४, तितस ३:४-६, रोमी ८:११ र १ पत्रुस १:२।

***यस अध्यायको मूल सार पद:*** "प्रभु येशू ख्रीष्टद्वारा देखाइएको अनुग्रह, र हामीलाई दिइएको अनुसार परमेश्वरको प्रेम, र पवित्र आत्माद्वारा ल्याइएको जीवनमा हिस्सेदार बन्ने अवसर तिमीहरू सबैमा होस्।" (२ कोरन्थी १३:१४)।

पिता को हुनुहुन्छ भनेर हामीलाई बाइबलले देखाउँछ। उहाँ परमेश्वर हुनुहुन्छ भनेर पनि बाइबलले देखाउँछ। परमेश्वर को हुनुहुन्छ भन्ने सत्य आत्मज्ञान र पिता को हुनहुन्छ भन्ने सत्य आत्मज्ञानलाई बाइबलले कहिलै पनि शङ्का गरेको छैन। ती सत्य तथ्य दुवै पुरानो र नयाँ करारमा स्पष्ट रूपमा देखाएको पाइन्छ। परमेश्वर पिताको बारेमा देखाइएको सत्य आत्मज्ञानहरू परमेश्वरको वचन बाइबलको मौलिक सत्य र अति उलेलेखनीय छन्।

येशू परमेश्वर हुनुहुन्छ भनेर पनि बाइबलले स्पष्ट रूपमा घोषणा गर्दछ। उहाँ को हुनुहुन्छ भनेर पनि बाइबलले देखाउँदछ। येशू परमेश्वर हुनुहुन्छ भनेर विशेष गरेर नयाँ करारले घोषणा गर्दछ। सुसमाचारका पुस्तकहरू र प्रेरितहरूले लेखेका पत्रहरूमा यस सत्यलाई प्रकट गरिएको छ।

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर पनि बाइबलले सिकाउँदछ। यद्यपि, बाइबलमा यस सत्यलाई स्पष्टरूपमा देखाइएको छैन। बरू बिभिन्न पदहरूबाट त्यस सत्यलाई बाइबलले आभास् दिएको पाइन्छ। पवित्र आत्माको बारेमा उहाँको वचनमा परमेश्वरले के देखाउनुभएको छ सो बाइबलको एक पदसँग अर्को पदलाई तुलना गरेर होशियारसाथ अध्ययन गर्नुपर्छ। जब हामी यो प्रक्रिया अपनाउँछौं तब बाइबलले नभनेको सत्यलाई सत्य भनेर दावी गर्ने मनस्थितिबाट हामी पन्छिन्छौं। र बाइबलले प्रकट गरिएको सत्यलाई हामीले वेवास्ता पनि गर्नुहुन्न।

पवित्र आत्माको बारेमा अध्ययन गर्न यस्तो हृदयको खाँचो छ जो सिक्न चाहने चाहना र नम्र छ। पवित्र आत्माको बारेमा कसरी बुझ्नुपर्छ भन्ने

तर्क गर्दा हामीहरूकै धारणा अनुसारको परमेश्वरलाई मापदण्ड बनाइनु हुँदैन। बरू बाइबलले सिकाएको सत्यलाई नै सत्य मानेर ग्रहण गर्नुपर्छ। हो, यसबारे कतिपय शिक्षादीक्षालाई पूर्णरूपमा बुझ्न हामीलाई गाऱ्हो पर्न सक्छ। तर हामीहरूको आफ्नै धारणालाई ओझेलोमा पारेर बाइबलका सत्यहरूलाई हामीले स्वीकार्नु जरुरी छ।

## १ पवित्र आत्मा र परमेश्वर (प्रेरित ५:१-४)

पवित्र आत्मा को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने बिषयमा बाइबलले स्पष्टरूपमा रुपरेखा प्रस्तुत गरेको छैन। बरू उहाँको उपस्थितिको बारेमा विभिन्न आभासहरू बाइबलले दिँदछ। पवित्र आत्मा परमेश्वरको स्तरमा बराबर हुनुहुन्छ भनेर बाइबलको लेखकहरूले विश्वास गरेका थिए भनेर ती आभासहरूले बताउँछन्। जुन काम परमेश्वरसँग सम्बधित थियो त्यही काम पवित्र आत्मासँग पनि सम्बधित थियो भनेर बाइबलमा धेरै पदहरूले देखाउँदछन्।

हननियाको नियतलाई सम्बोधन गर्दै पत्रुसले प्रेरित ५:१-४मा व्यक्त गरेको कुराले परमेश्वर र पवित्र आत्माको बारेमा हामीले के निश्कर्ष निकाल्न सक्छौं? हेर्नुहोस् "१ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो।"

यदि पवित्र आत्मा परमेश्वर हुनुभएको थिएन भने पत्रुसले यहाँ जे पायो त्यही बोलेको ठहर्छ। अझ नराम्रो त उनका ती वचनहरू घातक र गलत हुनपुग्थ्यो। यहाँ परमेश्वर र पवित्र आत्मालाई पत्रुसले एउटै तहमा राख्दछन्। पद ३मा पत्रुसले हननियालाई पवित्र आत्मासँग किन झुठो बोल्यो भनेर सोध्दछन्। अनि पद ४को अन्तमा पत्रुसले भन्दछन्: "तिमीले

मानिसहरूलाई होइन वा अरू कसैलाई होइन तर परमेश्वरलाई ढाँटेका छौ।" (रूपान्तरित)। यस लेखामा हामी स्पष्ट रूपमा पाउँछौं कि पत्रुसले पवित्र आत्मालाई परमेश्वरको बराबरीमा हुनुहुन्छ भनेर देखाएका थिए। हननियाले प्रेरितहरूलाई मात्र होइन परमेश्वर आफैलाई झुठो बोलेको थियो भनेर पत्रसुसले औंल्याएका थिए। पवित्र आत्मासँग झुठो बोल्नु परमेश्वरसँग झुठो बोल्नु हो। पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। यस विषयलाई यहाँ धेरै स्पष्ट रूपमा देखाएको छ।

तर हननिया र सफिराले झुठो बोल्दा तिनीहरूको निम्ति किन घातक भयो? तिनीहरूलाई किन कडा दण्ड दिइयो? प्रारम्भिक चर्चका विश्वासीहरू दिमागमा र मनमा एकै हुने सहमती गरेका थिए भन्ने कुरालाई हामीले सम्झनु पर्छ (प्रेरित ४:३२ रूपान्तरित)। पवित्र आत्माले तिनीहरूको हृदयमा काम गरेकोले नै विश्वासीहरूको बीचमा मन र तन वा दिमागमा एक हुने सम्झौता गरेका थिए। तब विश्वासीहरू हृदयमा र दिमागमा एक हुने सहमती भएको हुनाले नै तिनीहरूमा आफूसँग जे थियो सो एक आपसमा सिँत्तैमा बाँडने निर्णय गरेका थिए। त्यसकारण आफूले बेचेको जग्गाको पैसाको एक भाग आफूहरूमा बाँकी भाग राखेर पत्रुसलाई "त्यत्ति मै बेचेको हो" भनेर झुठ बोल्दा विश्वासीहरूको बीचमा भएको सम्झौता हननिया र उनकी श्रीमती सफिराले तोडेका थिए। प्रथमतः विश्वासीहरूको बीचमा हृदय र दिमागमा एक हुने सम्झौता पवित्र आत्माले गर्दा सम्भव भएको थियो भन्ने सत्य आधारलाई हननिया र उनको श्रीमतीको झुठले अस्वीकार गरिएको ठहरिएको थियो।

दोस्रोमा हननिया र उनकी श्रीमतीले झुठ बोल्दा सुरूका चर्चको समूदायमा पवित्र आत्माले काम गरेका थिए भन्ने गलत चित्रण दिएका थिए। परमेश्वरतिर लक्षित गरि त्यसरी झुठो बोल्नु आफ्नै नाश खोज्नु हो। यो घातक मनस्थिति हो। यसले गर्दा विश्वासीहरूको जीवनमा परमेश्वरको आत्माले काम गर्न कठिन बनाउँछ। हाम्रा सारा हृदयले परमेश्वरको सेवा गरुन् भन्ने उहाँको चाहना छ। उहाँको र हामीहरूको हृदयको बीचमा कसैले पनि हस्तक्षेप गरेको परमेश्वर चाहनुहुन्न। यस घट्नाको बिवरणमा हामी यो पाउँछौं कि विश्वासीहरूको नयाँ समूदाय महत्त्वपूर्ण बृद्धिको मुखमा थियो। नयाँ चर्च सत्यमा एक भएर काम गरुन् भन्ने सूचना त्यस भयानक घट्नालाई प्रयोग गरेर विश्वासीहरूलाई परमेश्वरले देखाउनुभएको थियो। यी कुराहरू

परमेश्वरले हुन दिनुभयो ताकि उहाँको चर्चले पवित्र आत्माको अगुवाईमा चल्न सिकुन्।

बर्तमान परिप्रेक्ष्यमा हेर्ने हो भने हननिया र सफिराले आफ्नो पापलाई पुष्टि गर्न यो बहाना निकाल्न सक्दैन्थ्यो रः "हामीहरूले आफ्नै जग्गा बेचेर त्यसको हिस्सा चर्चलाई केही भाग दिएका छौं। अलिकति पैसा हामीहरूसँग राख्दा हामीले के गल्ती गऱ्यौं र?" हामीहरूको गलत निर्णयको बारेमा बहाना नबनाउन त्यस कथाले हामीलाई के पाठ सिकाउँछ? हामीहरूकै आँखाको अगाडि वा अरूको अगाडि गलत तत्वलाई ठिक भनेर मान्न कोशिश गर्नु किन गलत छ?

## २ पवित्र आत्माः उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ? (१ कोरन्थी २:१०,११)

पवित्र आत्मा को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने विषयहरूमा बाइबलमा धेरै पदहरूले व्याख्या गरेका छन्। तर परमेश्वरले जे काम गर्नुहुन्छ त्यही काम उहाँले गर्नुहुन्छ भनेर बाइबलले देखाएको छ। पवित्र आत्मा त्यही परमेश्वर हुनुहुन्छ भनेर विभिन्न तरिकाहरूद्वारा बाइबलले वर्णन गर्दछ।

देहायका केही पदहरूमा पवित्र आत्माको बारेमा सूची तयार गरिएको छ जसमा उहाँका विशेष गुणहरुको बारेमा बताउँछन्। परमेश्वरमा पनि त्यही गुणहरू छन्। ती के हुन् त? हेर्नुहोस्ः

अ. १ कोरन्थी २:१०-१३ १० "परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। ११ मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन। १२ अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं। १३ जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरूको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं। यशैया

४१:१३,१३सँग तुलना "१३ कसले परमप्रभुको मन बुझेको छ, अथवा उहाँको सल्लाहकार भएर उहाँलाई शिक्षा दिएको छ? १४ बुद्धिको प्रकाशको निम्ति परमप्रभुले कससित सल्लाह लिनुभयो र कसले उहाँलाई ठीक बाटो सिकायो? कसले उहाँलाई ज्ञान सिकायो, अथवा समझको मार्ग देखायो?"

आ. भजन १३९:७,८ "७ तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु? ८ म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ।

इ. हिब्रू ९:१४ "१४ ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो।" यस पदसँग तुलनाः १ तिमोथी ६:१६ "१६ उहाँमा (येशूमा) नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन। उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ। उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस्। आमेन।

ई. लूका १:२६-३५ "२६ छैटौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। २७ तिनी एउटी कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो। २८ स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपा-पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग हुनुहुन्छ।" २९ तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्। ३० स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। ३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। ३३ उहाँले याकूबको

वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।" ३४ मरियमले स्वर्गदूतलाई भनिन्, "यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ।" ३५ स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।", रोमी १५:१९ "१९ यो काम चिन्हहरू र आश्चर्यकर्महरूको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु। यसरी मैले यरूशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रूपले प्रचार गरेको छु।" ती पदहरूसँग भजन १०४:३०को तुलनाः "३० तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ, र तपाईंले पृथ्वीको रूपलाई नयाँ तुल्याउनुहुन्छ।"

पावलले परमेश्वरको ज्ञानबुद्धिको बारेमा बखान गर्दछन्। पवित्र आत्माले परमेश्वरको ज्ञानबुद्धि हामीलाई थाहा दिनुहुन्छ भनेर पावलले जिकिर गर्छन्। एउटा भनाई छ "आफू को हो अरू पनि त्यही देख्छ" अर्थात् "परमेश्वरले परमेश्वरको थाहा छ।" पावलले आफ्नो तर्कमा यस भनाईलाई प्रयोग गर्छन्। परमेश्वरको बराबरीमा हुनेले मात्र परमेश्वरको गहिरो कुराहरू थाहा हुन्छ भनेर पावल ठोकुवा गर्छन् (१ कोरन्थी २:१०,११)। अर्को अर्थमा भन्ने हो भने परमेश्वरको आत्माले बाहेक परमेश्वरको बारेमा अरूलाई थाहा छैन। किनभने परमेश्वरभित्रका सहस्यहरू पवित्र आत्मालाई थाहा छ। परमेश्वरको समूहभन्दा बाहिरकालाई पवित्र आत्मालाई जस्तो थाहा हुँदैन। त्यसकारण पवित्र आत्मा सर्वज्ञानी हुनुहुन्छ।

जहाँ जहाँ परमेश्वर हुनुहुन्छ त्यहाँ त्यहाँ पवित्र आत्मा हुनसक्छ। परमेश्वरको आत्मा नभएको ठाउँबाट हामी भाग्न सक्दैनौं। यस परिप्रेक्ष्यमा हामी यो पनि दावी गर्न सक्छौं कि पवित्र आत्मा सर्वव्यापी हुनुहुन्छ (भजन १३९:७)। पवित्र आत्मा सनातन अर्थात् अनन्तको हुनुहुन्छ भनेर पनि हामीलाई थाहा दिइएको छ (हिब्रू ९:१४)। बाइबलमा सनातन वा अनन्त व्यक्तिहरू को को छन्? जवाफमा परमेश्वरमात्र हुनुहुन्छ (१ तिमोथी ६:१६)। तै पनि पवित्र आत्मालाई सनातन वा अनन्तको हुनुहुन्छ भनेर सम्बोधन गरिएको छ। त्यसकारण उहाँ परमेश्वर नै हुनुपर्छ।

पवित्र आत्मा सर्वशक्तिमान पनि हुनुहुन्छ। लूका १:३५मा लेखिएको अनुसार "पवित्र आत्मा" र "सर्वोच्च स्थानबाट आएको शक्ति"को अर्थ एउटै हो। यहाँ दुवैमा कन्या किशोरीबाट येशूको जन्मको आश्चर्य काम उच्चको शक्तिको हो भनेर देखाएको छ। परमेश्वरको सेवा कार्यको निम्ति आफूलाई कस्को शक्ति मिलेको छ भनेर पावलले रोमी १५:१९मा स्पष्ट रूपमा उल्लेख गर्छन्। "अनेकन् आश्चर्य कामहरू र चिन्हहरू" प्रस्तुत गर्ने काम पावललाई पवित्र आत्माले दिनुभएको थियो। हो, अलौकिक वा परमेश्वरिय अचम्म कामहरू पवित्र आत्माले गर्न सक्नुहुन्छ।

पवित्र आत्माको बिरुद्धमा निन्दा गर्नु वा उहाँको अपमान गर्नु क्षमा नपाउने पाप हो भनेर येशूले ठोकुवा गर्नुहुन्छ (मत्ती १२:३१,३२, मर्कूस ३:२८,२९)। यदि पवित्र आत्मा परमेश्वर होइन भने येशूको भनाईको केही अर्थ हुँदैन।

मानिसहरूका हृदयहरू र दिमाग वा समझशक्तिलाई परिवर्तन गर्ने पवित्र आत्माको क्षमतालाई अत्यन्त अचम्मको काम हो भनेर हामीले अनुमान गर्न सक्छौं। नयाँ आत्मिक जन्म वा पुनर्जन्म हुने संभाव्यता पवित्र आत्माद्वारा नै हुन्छ (यूहन्ना ३:५-८)। परमेश्वरले मात्र गर्न सक्ने काम पवित्र आत्माले पनि गर्ने अधिकार र शक्ति छ।

## ३. पवित्र आत्माको बारेमा बाइबलमा दिएका आभासहरू (यशैया ६३:१०-१४)

बाइबलमा धेरै पदहरू छन् जसले पवित्र आत्मालाई औंल्याउँछन्। ती पदहरूले समानान्तर रूपमा पवित्र आत्माको मात्र होइन परमेश्वरलाई पनि देखाउँदछन्।

यशैया ६३:१०-१४सँग गन्ती १४:११ र व्यवस्था ३२:१२ तुलना गरेर पढ्नुहोस्। ती पदहरूमा लेखकले कसको बारेमा उल्लेख गरेका छन्? पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर त्यस तथ्यले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्: यशैया ६३:७-१४ “७ परमप्रभुको अचुक प्रेमबारे म भन्नेछु, उहाँले हाम्रो निम्ति जे-जति गर्नुभयो, तिनको निम्ति म उहाँको प्रशंसा गर्दछु। आफ्ना कृपा र अटुट प्रेमको कारणले उहाँले इस्राएलका मानिसहरूलाई प्रचुर आशिष् दिनुभएको छ। ८ परमप्रभु भन्नुहुन्छ, “तिनीहरू मेरा निज मानिस हुन्, तिनीहरूले मलाई धोका दिनेछैनन्।” यसैकारण उहाँ तिनीहरूका उद्धारकर्ता हुनुभयो। ९ तिनीहरूलाई बचाउने एउटा स्वर्गदूत होइन तर परमप्रभु आफैं

हुनुहुन्थ्यो। आफ्नो प्रेम र करुणामा उहाँले तिनीहरूको उद्धार गर्नुभयो। बितेका दिनमा उहाँले सधैं तिनीहरूको हेरचाह गर्नुभएथ्यो। १० तर तिनीहरूले उहाँसित विद्रोह गरे र उहाँको पवित्र आत्मालाई दुःखित तुल्याए। यसकारण परमप्रभु तिनीहरूका शत्रु हुनुभयो र तिनीहरूसित लडाइँ गर्नुभयो। ११ तर तिनीहरूले बितेका दिन परमप्रभुको सेवक मोशाका दिनलाई याद गरे र यसरी प्रश्न गरे, “तिनीहरूका अगुवासमेत समुद्रबाट आफ्ना प्रजालाई बचाउनुहुने परमप्रभु अहिले कहाँ हुनुहुन्छ? आफ्नै आत्मा मोशालाई दिनुहुने परमप्रभु कहाँ हुनुहुन्छ? १२-१३ आफ्नो शक्तिले मोशाद्वारा महान् कार्यहरू गर्नुहुने, समुद्रको पानीलाई दुई भागमा छुटाउनुभएर त्यसको बीचबाट आफ्ना प्रजालाई डोऱ्याउनुहुने र आफ्नो निम्ति अमर कीर्ति कमाउनुहुने परमप्रभु कहाँ हुनुहुन्छ?” परमप्रभुको अगुवाइमा तिनीहरूका पाउ जङ्गली घोडाका पाउझैं ठक्कर नखाने भएका छन् र तिनीहरूलाई कहिल्यै ठेस लागेन। १४ जसरी गाई-गोरुलाई मैदानमा लैजान्छन्, त्यसरी नै परमप्रभुले आफ्ना प्रजालाई विश्राम दिनुभयो। उहाँले आफ्ना प्रजाको अगुवाइ गर्नुभयो र आफ्ना नाम सम्मानित पार्नुभयो।", गन्ती १४:११ “११ परमप्रभुले मोशालाई भन्नुभयो, “कहिलेसम्म यी मानिसहरूले मलाई अस्वीकार गर्ने हुन्? मैले तिनीहरूका बीचमा यति धेरै उदेकका कामहरू गरिसकें, तापनि अझै कतिञ्जेल तिनीहरू ममाथि भरोसा नगर्ने हुन्।" र व्यवस्था ३२:१२ “१२ परमप्रभु एक्लैले आफ्ना प्रजालाई डोर्‍याउनुभयो, कुनै विदेशी देव-देवताको मद्दत नलिई डोऱ्याउनुभयो।"

परमेश्वरका जन भन्ने मानिसहरू नै पवित्र आत्मासँग विद्रोह गरे भनेर यशैया ६३:१०ले हामीलाई बताउँछ। आआफ्ना पापहरूले गर्दा पवित्र आत्मालाई दुःखित पारे। फेरि त्यही कथामा गन्ती १४:११ले बताउँछ, “परमेश्वरले मोशालाई भन्नुभयो, "ती मानिसहरूले कहिलेसम्म मेरो अनादर गर्दछन्?" र व्यवस्था ३२:१२मा हामीलाई भनिएको छ, “परमेश्वर एकलैले इस्राएलीहरूलाई डोऱ्याउनुभयो। कुनै पनि देवीदेवताहरूको सहायता उहाँले लिनुभएन अर्थात् तिनीहरूको साथमा ती देवीदेवताहरू थिएन।" (रूपान्तरित)। परमेश्वर र पवित्र आत्मा एक आपसमा समान थिए भनेर बाइबलका लेखकहरूले सोचेका थिए।

२ शमूएल २३:२मा राजा दाउदको अन्तिम शब्दहरू हामीहरूले पढ्छौं। उनले पद २मा भन्दछन्, "परमेश्वरको आत्माले मद्वारा बोल्नुभयो" (रूपान्तरित)। पद ३मा दाउदले भन्दछन्: “इस्राएलको चट्टानले मलाई

भन्नुभयो" (रूपान्तरित)। पवित्र आत्मा परमेश्वरको बराबरीमा हुनुहुन्छ भनेर फेरि ती पदहरूले बताउँदछन्।

प्रेरित पावलले पनि पवित्र आत्मा र परमेश्वरलाई त्यही प्रकारले सम्बोधन गरेका थिए। पवित्र आत्मा र परमेश्वरको बारेमा १ कोरन्थीको पुस्तकमा भएका केही पदहरूलाई एक आपसमा तुलना गर्दै पढ्नुहोस्ः १ कोरन्थी ३:१६,१७ "१६ तिमीहरू परमेश्वरका मन्दिर हौ अनि परमेश्वरका आत्मा नै तिमीहरूभित्र बस्नुहुन्छ। के यो कुरा तिमीहरूलाई थाहा छैन? १७ यदि कसैले परमेश्वरको मन्दिर बिगार्छ भने परमेश्वरले नै उसलाई नाश गर्नुहुनेछ किनभने परमेश्वरको मन्दिर पवित्र छ अनि त्यो मन्दिरचाहिँ तिमीहरू नै हौ।" तुलना १ कोरन्थी ६:१८-२० "१८ व्यभिचारलाई त्याग। अरू पाप मानिसले आफ्नो शरीरदेखि बाहिर गर्दछ, तर व्यभिचार गर्नेले आफ्नै शरीरको विरुद्ध पाप गर्दछ। १९ के तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी तिमीहरूलाई थाहा छैन? परमेश्वरले दिनुभएको पवित्र आत्मा नै तिमीहरूको शरीरभित्र बस्नुहुन्छ। त्यसो हुँदा तिमीहरू आफैं पनि आफ्ना होइनौ। २० तिमीहरूलाई परमेश्वरले मोल तिरेर किन्नुभएको हो। यसकारण तिमीहरूले आफ्नो शरीरले परमेश्वरको आदर गर।" १ कोरन्थी १२:४-११ "४ पवित्र आत्माका वरदानहरू धेरै किसिमका छन् तर वरदान दिने पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ धेरै किसिमले सेवा चाहिँन्छ तर मालिकचाहिँ एउटै हुनुहुन्छ। ६ धेरै किसिमका ईश्वरीय योग्यताहरू छन् तर हरेकलाई यी सब दिने परमेश्वरचाहिँ एउटै हुनुहुन्छ। ७ सबैको भलाइ होस् भनेर हरेक मानिसलाई पवित्र आत्माको काम प्रकट हुन हरेकलाई वरदानहरू दिइएको छ। ८ कसैलाई पवित्र आत्माले नै बुद्धिको वचन दिने वरदान दिनुहुन्छ र उही आत्माले कसैलाई ज्ञानको वचन दिने वरदान दिनुहुन्छ। ९ उही पवित्र आत्माले कसैलाई विशेष विश्वास दिनुहुन्छ र कसैलाई बिरामी निको पार्ने वरदानहरू दिनुहुन्छ। १० कसैलाई चाहिँ अचम्म-अचम्मका काम गर्ने शक्ति दिनुहुन्छ। कसैलाई अगमवाणी बोल्ने (अर्थात् बुझ्ने भाषामा परमेश्वरको तर्फबाट बोल्ने) वरदान, कसैलाई आत्माहरू छुट्याउने वरदान अनि कसैलाई विभिन्न किसिमका अन्य भाषाहरूमा बोल्ने वरदान त कसैलाई ती भाषाहरूको अर्थ खोल्ने वरदान पवित्र आत्माले नै दिनुहुन्छ। ११ यी सबै उही एउटै पवित्र आत्माका काम हुन्। पवित्र आत्माले आफ्नै इच्छाअनुसार सबैलाई यी बेग्ला-बेग्लै वरदानहरू दिनुहुन्छ।" यी पदहरूसँग १ कोरन्थी १२:२७-३०को

तुलना "२७ त्यसैगरी तिमीहरू सबै खीष्टका शरीर हौ। हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले नै मण्डलीमा यसरी राखिदिनुभएको छ– पहिला प्रेरितहरू (प्रेरितहरू), दोस्रो अगमवक्ताहरू, तेस्रो सिकाउने गुरु अनि अचम्मका काम गर्नेहरू, त्यसपछि बिरामी निको पार्ने वरदान पाएकाहरू, अरूलाई सघाउनेहरू, देखरेख गर्नेहरू र विभिन्न भाषा बोल्ने वरदान पाएकाहरू राखिदिनुभएको छ। २९ सबै प्रेरित, सबै अगमवक्ता, सबै सिकाउने गुरु हुँदैनन्। सबैले अचम्मका काम गर्दैनन्। ३० सबैसँग निको पार्ने वरदान हुँदैन। सबैले अन्य भाषामा बोल्दैनन्। सबैले अन्य भाषाको अर्थ खोल्न सक्दैनन्।

१ कोरन्थी ३:१६,१७मा पावलले त्यही भाषा प्रयोग गर्दछन् जुन् १ कोरन्थी ६:१९,२०मा प्रयोग गरेका थिए। मानिसको हृदयमा पवित्र आत्माले बास गर्नु भनेको परमेश्वरले नै बास गर्नुभएको हो भनेर पावलले ठोकुवा गर्दछन्। "परमेश्वरको मन्दिर" भन्ने वाक्यलाई "पवित्र आत्माको मन्दिर"कै तहमा पावलले राख्दछन्। यस कुराले यो यकिन गर्दछ कि पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भन्ने पावलको जिकिर थियो।

त्यसै गरि १ कोरन्थी १२:११मा प्रत्येक विश्वासीलाई बिभिन्न आत्मिक बरदानहरू दिनुहुने पवित्र आत्मा हुनुहुन्छ भनेर पावलले लेख्दछन्। त्यसको केही पदहरू तल पावलले हामीहरूलाई भन्दछन् कि ती बरदान वा दक्षताहरू दिने परमेश्वर नै हुनुहुन्छ। पावलले भन्न खोजेका मौलिक सन्देश स्पष्ट छः परमेश्वरले जे काम गर्नुहुन्छ त्यही काम पवित्र आत्माले पनि गर्नुहुन्छ। पवित्र आत्मा परमेश्वरको बराबरीमा हुनुहन्छ भन्ने त्यो जस्तो प्रभाकारी सत्य अरू के होला?

गन्ती १४:११ फेरि पढ्नुहोस् जसमा लेखिएको छ, "परमेश्वरले मोशालाई भन्नुभयो, "ती मानिसहरूले कहिलेसम्म मेरो अनादर गर्दछन्?" परमेश्वरले व्यक्त गर्नुभएको त्यस दुखेसो हामीहरूको जीवनमा के अहिले पनि हुँदैन र? हामीहरूको चर्चमा परमेश्वरले गर्नुभएको अनेकौं अचम्मका कामहरूको बारेमा मूल्याङ्कन गर्नुहोस्। हामीले विश्वास गर्नुपर्ने आधारहरूको कारणहरू सोच्नुहोस्। हजारौं वर्ष पहिले परमेश्वरका जनहरूले गरेका भूलहरू हामीले पन नगरौं भनेर कसरी सतर्क हुने?

## ४ पवित्र आत्माको इश्वरिय वा अलौकिक काम (तितस ३:४-६)

पवित्र आत्माले केही निश्चित काम गर्नुहुन्छ। तर ती कामहरू केवल परमेश्वरलेमात्र गर्न सक्नुहुन्छ भनेर बाइबलले बताउँछ। जब परमेश्वरले सृष्टि गर्ने काम गर्नुभयो, तब त्यस समय पवित्र आत्मा पनि उहाँसँग सक्रिय हुनुहुन्थ्यो। त्यसै अनुरुप पापीहरूलाई नव जीवन दिने परमेश्वरको काममा उहाँ पनि सक्रिय हुनुहुन्छ।

हामीहरूलाई नव जीवन दिने प्रक्रियामा पवित्र आत्मा कसरी सक्रिय हुनुहुन्छ भनेर प्रेरित पावलले तितस ३:१-११मा कसरी उल्लेख गर्छन्? हेर्नुहोस्: " १ सरकार र सरकारी मानिसहरूका अधीनमा रहनुपर्छ भनी त्यहाँका मानिसहरूलाई सम्झाऊ। तिनीहरूले हरेक किसिमले भलो गर्न तयार रहून्। २ तिनीहरूले कसैको विरोध नगरून् अनि झगडा पनि नगरून् तर सबै मानिसहरूसँग सुधा र मिलनसार होऊन् ३ किनभने हामीहरू आफैं पनि एक समय मूर्ख, अनाज्ञाकारी र भुलमा परेका थियौं। हामीहरू नराम्रा इच्छाहरू र सबै प्रकारका सुख-विलासका कमाराहरू थियौं। हामीहरू आफ्नो जीवन द्वेष र डाहमा बिताउँथ्यौंस हेलित थियौं र एक-अर्कालाई हेला गर्थ्यौं। ४ <u>तर जब हाम्रा मुक्तिदाता परमेश्वरको दया र मानिसप्रतिको प्रेम हामीले देख्यौं, ५ उहाँले हामीलाई बचाउनुभयो। हामी आफैंले कुनै असल काम गरेको हुनाले त यसो भएको होइन। तर उहाँकै दयाअनुसार उहाँले नयाँजन्म दिने नुहाइ र पवित्र आत्माको जीवन बदलाउने शक्तिद्वारा हामीलाई बचाउनुभएको हो। ६ मुक्ति दिनुहुने प्रभु येशू ख्रीष्टले गर्दा परमेश्वरले उही पवित्र आत्मा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो।</u> ७ यसरी उहाँको अनुग्रहले हामी परमेश्वरका अघि ठीक ठहरिन सक्यौं अनि हामीले आशा राखेका अनन्त जीवनको पनि हकदार हुन सक्यौं। ८ यो साँचो कुरो हो। परमेश्वरमा विश्वास गर्ने जतिले असल काम गर्न ध्यान देऊन् भनेर तिमीले जोड दिएको म चाहन्छु। यी असल काम गर्नु नै हाम्रा मानिसहरूलाई फाइदा दिने कुरो हो। ९ तर बेमतलबका छलफल, लामालामा पुर्ख्यौली कथा र व्यवस्थासम्बन्धी झैझगडाहरूबाट भने तर्किएर बस। ती व्यर्थका काम नलाग्ने कुरा हुन्। १० फाटो ल्याउने मानिसलाई एक-दुई पल्ट सम्झाइदिनू र भएन भने कुनै सम्बन्धै नराख्नू। ११ यो तिमीलाई थाहै छ, यस्ता मानिसको इज्जत नै बिग्रिएको हुन्छ र आफ्नो पापले आफैं दोषी ठहरिन्छ।"

हामीहरूको नयाँ जीवनको बारेमा चर्चा गर्दा पावलले पवित्र आत्मालाई "मुक्तिदाता परमेश्‍वर"सँग उल्लेख गरिएको पाउँछौं (तितस ३:४)। यो किनभने पवित्र आत्माले हामीहरूको हृदयहरूलाई नयाँ बनाउनुहुन्छ। येशू ख्रीष्टको पछि लाग्ने चाहना उहाँले नै जगाउनुहुन्छ। उहाँ जीवनको आत्मा हुनुहुन्छ (रोमी ८:२)। उहाँले नै पापीहरूलाई शुद्ध वा पवित्र बनाउनुहुन्छ। उहाँले हामीहरूको स्वभाव र चरित्रलाई परिवर्तन गर्नुहुन्छ। हामीलाई उद्धार गर्नुहुने येशूप्रति बफादारी रहन र उहाँको वचनलाई पालन गर्न पवित्र आत्माले सघाउनुहुन्छ। केवल परमेश्‍वरिय जीवले मात्र त्यस्तो अचम्मको काम गर्नुहुन्छ।

यशैया ६:८-१०सँग प्रेरित २८:२५-२७ पढ्नुहोस्। ती पदहरूका लेखकहरूले को बोलिरहनुभएको थियो भनेर उल्लेख गरेका थिए? हेर्नुहोस् यशैया ६:८-१० " ६ तब आगोको ज्वालाझैं चहकिलो एउटा स्वर्गदूत वेदीबाट आगोको भुङ्ग्रो चिम्टाले च्यापेर मकहाँ उडेर आए। ७ तिनले मेरो ओठ त्यस भुङ्ग्राले छोएर यसो भने, "यसले तिम्रो ओठ छोएको छ र तिम्रा दोषहरू अब मेटिए र पाप क्षमा भए।" ८ तब परमप्रभुले यसो भन्नुभएको मैले सुनें, "म कसलाई पठाऊँरु हाम्रो सन्देशवाहक को हुने हो? "मैले जवाफ दिएँ, "म जानेछु! मलाई पठाउनुहोस्।" र प्रेरित २८:२५-२७ "२५ आफू-आफूमै कुरा नमिलेर तिनीहरू त्यतिकै त्यहाँबाट हिँड्न लागे। तब पावलले तिनीहरूलाई यसो भने, " पवित्र आत्माले तपाईंहरूका पुर्खाहरूलाई भन्नुभएको कुरो साँचो छ किनभने यशैया अगमवक्ताद्वारा उहाँले यसरी बोल्नुभयो "२६ यी मानिसहरूकहाँ गएर भन, "सुन्न त तिमीहरू सुन्छौ, तर बुझ्दैनौ, हेर्न त हेर्छौ, तर देख्दैनौ! " २७ किनभने यी मानिसहरूको मन कठोर छ, यिनीहरूका कान बाक्ला भएका छन् अनि यिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्! नत्रता यिनीहरूले देख्नेथिए, सुन्ने थिए र मनले बुझ्नेथिए। अनि तिनीहरूले आफ्नो मन मतिर फर्काउनेथिए र म तिनीहरूलाई निको पार्नेथिएँ।" २८ अन्तमा पावलले भने, "यसकारण अब म तपाईंहरूलाई भन्न चाहन्छु, परमेश्‍वरको मुक्तिको सुसमाचार उहाँले अन्य-जातिहरूकहाँ पठाउनुभएको छ र तिनीहरूले सुन्नेछन्।"

बाइबलमा केही पदहरू छन् जसमा परमेश्‍वरले नै बोलिरहनुभएको छ भनेर लेखकहरूले उल्लेख गरेका छन्। तर त्यही पदहरूको बारेमा उल्लेख गर्दा पवित्र आत्माले बोलिरहनुभएको थियो भनेर बाइबलका अरू केही

लेखकहरूले भन्दछन्। पवित्र आत्माले हामीलाई बाइबल दिनुभएको थियो भनेर पनि हामीलाई भनिएको छ (२ पत्रुस १:२१)। अरू ठाउँमा परमेश्वरले हामीलाई बाइबल धर्मशास्त्र दिनुभएको हो भनेर उल्लेख गरिएको छ (२ तिमोथी ३:१६)। हामीहरूको हातमा पवित्र धर्मशास्त्र दिने अर्को काम पवित्र आत्माको इश्वरिय काम हो।

पवित्र आत्माको दैविक स्वभाव वा चरित्र के हुन् भनेर रोमी ८:११ले कसरी बताउँछ? "परमेश्वरले ख्रीष्टलाई मरेकोबाट पनि शरीरसँगै फेरि जिउँदो गराउनुभयो। परमेश्वरका आत्मा तिमीहरूभित्र रहनुहुन्छ भने त्यसै गरी तिमीहरूको मर्ने शरीरलाई पनि उहाँले जिउँदो गराउनुहुनेछ।"

पवित्र आत्माले येशूलाई मृत्युबाट बौरिउठाउनुभयो भनेर बाइबलले उल्लेख गर्दछ। पवित्र आत्माले नै हामीलाई पुनर्जीवन दिनुहुन्छ भनेर बाइबलले भन्दछ। मरेका मानिसहरूलाई पुनरुत्थान गर्न केवल परमेश्वरमामात्र शक्ति छ। यस परिवेशमा हामी यो ठोकुवा गरेर भन्न सक्छौं कि पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

तपाईंको जीवनमा पवित्र आत्माको अगुवाईको बढि आभास् पाउन के परिवर्तनहरू गर्नुपर्छ? अर्थात् तपाईंको जीवनमा के आचरणहरू छन् जसले गर्दा पवित्र आत्माको अगुवाईलाई स्पष्ट रूपमा बुझ्न तपाईंलाई कठिन भइरहेको छ?

## ५ पवित्र आत्मा परमेश्वर हुनुहुन्छ, तर त्यसले केही फरक पार्छ र? (१ पत्रुस १:२)

यदि पवित्र आत्मा परमेश्वर होइन भने हामीले के गुमाउँछौं र? एक छिन् मानौं पवित्र आत्मा पूर्णरूपमा परमेश्वर होइन रे। तब मुक्ति र हामीहरूले गर्ने आराधनाको नतिजा गम्भिर हुन जानसक्छ। विश्वासीहरूलाई आत्मिक पुनर्जीवित पार्न वा नयाँ सृष्टि अर्थात् नयाँ आत्मिक जीवन दिने काम पवित्र आत्माको हो भनेर हामीलाई बाइबलले बताउँछ। त्यसको अर्थ परमेश्वरलाई विश्वास गर्नेहरूको जीवनमा पवित्र आत्मा रहनुहुन्छ र तिनीहरूलाई परमेश्वरको सही आत्मा जोश र जाँगरले भरिदिनुहुन्छ। हामीहरूको सोचबिचार, विवेक, स्वभाव र चरित्रलाई पवित्र आत्माले पुननविकरण गर्नुहुन्छ। आत्मिक, मानसिक मृत्युमा परेकाहरूलाई मात्र होइन शारीरिक मृत्युमा परेकाहरूलाई पनि उहाँले पुनर्जीवित पार्नुहुन्छ। र येशू

ख्रीष्टका अनुयायीहरूलाई परमेश्वरको स्वरुप अर्थात् पवित्र र शुद्ध बनाउने काम पवित्र आत्मा कै हो। फेरि, पवित्र आत्मा परमेश्वर होइन भने? तब माथि उल्लेख गरिएका सबै थोकहरू उहाँले गर्न सक्नुहुन्छ भनेर हामी कसरी यकिन हुने? र परमेश्वरले अनुमोदन गर्नुभएको अनुसार ती सबै कामहरू पवित्र आत्माले गर्नुहुन्छ भनेर हामी कसरी विश्वस्त हुने?

देहायका केही पदहरूमा पिता र पुत्र येशू ख्रीष्टको साथमा पवित्र आत्मालाई उल्लेख गरिएका छन्। हामीहरूका परमेश्वरलाई गरिने प्रशंसा र गहिरो प्रेमले भरिएको आराधनामा पवित्र आत्मालाई पनि समावेश गरिन उहाँ योग्यको हुनुहुन्छ भनेर ती पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्ः १ पत्रुस १ः२ “अघिबाटै आफ्नो योजनाअनुसार परमेश्वर पिताले तिमीहरूलाई आफ्नै पवित्र जन हुनलाई छान्नुभएको हो। येशू ख्रीष्टको रगतले पवित्र भएर उहाँकै आज्ञा तिमीहरूले मान्न सक भनी उहाँले तिमीहरूलाई आत्माद्वारा आफ्नो बनाउनुभयो। तिमीहरूमाथि अनुग्रह र शान्ति प्रसस्त होस्।", २ कोरन्थी १३ः१४ “प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको संगति तिमीहरूसँग रहोस्।" र मत्ती २८ः१८,१९ “१८ तब येशू नजिक आएर तिनीहरूलाई भन्नुभयो, "हेर, स्वर्ग र पृथ्वीको सबै अधिकार मलाई दिइएको छ। १९ अब तिमीहरू गएर सबै मानिसहरूलाई मेरा चेलाहरू बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ।"

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भन्ने आत्मज्ञानले गर्दा हामी उहाँसँग यस्तो सम्बध राख्न सक्छौं जसले उहाँको सम्मान हुन्छ र उहाँको सामु हामी स्वीकार्य हुन्छ। सत्य रूपमा उहाँ को हुनुहुन्छ त्यस ज्ञानले गर्दा उहाँमाथि हामी गहिरो श्रद्धा राख्न सक्षम् हुनसक्छौं। हामीहरूको आध्यात्मिक जीवन नै उहाँ परमेश्वर हुनुभएको भरमा भर पर्छ। शिर्ष परमेश्वरको दुई सदस्यहरूको हाराहारीमा पवित्र आत्मालाई पनि ठाउँ दिन नयाँ करारको चर्च हिच्किचाउँदैन। त्यसको अर्थ बप्तिस्माको समयमा पिता र पुत्रको समानान्तर पदमा पवित्र आत्मालाई पनि स्थान दिएको देखाउँछ। बप्तिस्माको गहिरो आत्मिक अर्थ हुन्छ। यो परमेश्वरलाई गरिने श्रद्धा र गहिरो आराधनाको प्रमाण हो। प्रेरितहरूले चर्चहरूलाई लेखेका आफ्ना पत्रहरूको अन्त्यमा बिदाई गर्ने क्रममा पवित्र आत्मा पनि समावेश गरिएको छ। पत्रको अन्त्यमा लेखिएको बिदाई परमेश्वरको स्तुतिको प्रार्थना हुन्। त्यस प्रार्थनामा पिता र पुत्रलाई स्तुति गरिएको जस्तै पवित्र आत्मालाई पनि गरिएको छ। यसको

तात्पर्य यो होकि त्रीएक परमेश्वरका सदस्यहरू एक आपसको बराबरीमा छन् र तिनीहरू तिनै जना एकै खालको स्तुतिका योग्य छन्।

त्यसको अर्थ नयाँ करारमा पवित्र आत्मालाई आराधनाको योग्य व्यक्तित्वको रूपमा उचालिएको छ। उहाँ परमेश्वर भनेर प्रेरितहरूले लेखेका केवल पत्रको अन्त्यमा बिदाईमा र बप्तिस्मामात्र उचालिएको छैन। तर हामीहरूको आत्मिक भलाईको निम्ति उहाँमा हामी भर पर्नुपर्ने निरन्तर आवश्यकतामा उहाँ उचालिएको पाउँछौं। त्यसकारण उहाँ हाम्रो परमेश्वरिय गुरू र हामीलाई पवित्र र शुद्ध पार्ने हुनुभएकोले उहाँको वचन हामी पालन गर्नु जरुरी छ। त्यस परिप्रेक्ष्यमा उहाँ परमेश्वर हुनुहुन्छ भन्ने प्रश्न के सही हो र? हो, अत्यन्त धेरै धेरै सही हो। सत्य रूपमा उहाँ को हुनुहुन्छ भन्ने ज्ञान हामीले थाहा पाउन जरुरी छ। उहाँ परमेश्वर हुनुन्छ भनेर थाहा पाउनु र विश्वास गर्नु अत्यन्त जरुरी छ। अनि उहाँको काममा हामी श्रद्धा राख्छौं अर्थात् सम्मान गर्छौं। र हामीहरूको आफ्नै व्यक्तिगत बृद्धि वा उत्थानमा र शुद्ध तथा पवित्र हुने प्रक्रियामा उहाँमाथि भर पर्न ढुक्क हुनसक्छौं।

पवित्र आत्मा आफै परमेश्वर हुनुहुन्छ र तपाईंको जीवनमा उहाँले काम गरिरहनुभएको छ भन्ने ज्ञानको बारेमा सोच्नुहोस्। हामी परमेश्वरमा के हुनसक्छौं भन्ने महान् प्रतिज्ञाका के आधारहरू छन् जसले हामीलाई परिवर्तन गर्न सक्रिय भइरहेको छ? यस सत्य आत्मज्ञानले हामीलाई सकारात्मक हुन र परमेश्वरमा उचालिन कसरी सहयोग गर्दछ?

**उपसंहारः**

थप जानकारीः सामग्री उपलब्ध भएमा एलेन जी ह्वाइटद्वारा लिखित *इभान्जलिजम* पुस्तकको पृ. ६१३-६१७को “मिसरेप्रेजेन्टेशन अभ द गडहेड" पढ्नुहोस्।

पवित्र आत्मा परमेश्वरिय शक्तिले सुसम्पन्न भएको व्यक्ति हुनुहुन्छ भनेर बाइबलले दिएको बलियो प्रमाण यस अध्यायमा हामीले सिक्यौं। पवित्र आत्मा परमेश्वर नै हुनुहुन्छ भनेर हामी ठोकुवा गर्छौं। तर फेरि हामीले यो पनि मान्नु जरुरी छ कि पवित्र आत्मा रहस्यमय परमेश्वर हुनुनुहुन्छ। यो उल्लखेनीय विषयलाई फेरि दोहोऱ्याऔंः परमेश्वर र उहाँको स्वभावको बारेमा हामीले पूर्णरूपमा व्याख्या गर्न सक्दैनौं। त्यसकारण मानिसको तर्कलाई मापदण्ड बनाएर परमेश्वर कस्तो हुनुहुन्छ वा कस्तो हुनुपर्छ बनेर बुझ्नुपर्छ भन्ने

धारणासँग चलखेल नगरौं। बिशेष गरेर परमेश्वरसँग सम्बधित सत्यको कुरामा लिएर बुझ्न खोज्नु मानविय विज्ञान वा मानसिक समझभन्दा पनि अपार छ।

फेरि त्यसैवखत पवित्र आत्मा परमेश्वर पिता र पुत्रको हाराहारीमा हुनुहुन्छ भन्ने ज्ञानलाई केवल विश्वास गर्नुमा मात्र हामीलाई असर पार्दैन। पवित्र आत्माको शक्तिद्वारा परमेश्वर पितार येशू ख्रीष्टले गरिनुहुने मुक्तिको काममा हामी विश्वस्त हुनुपर्छ र भर पर्नुपर्छ। "पवित्र आत्मा को हुनुहुन्छ भनेर मात्रै व्याख्या गर्ने क्षमता हुनु हामीलाई आवश्यकता छैन।...पवित्र आत्मा रहस्यमय हुनुहुन्छ। उहाँ को हुनुहुन्छ भनेर मानिसहरूले व्याख्या गर्न सक्दैनन् किनभने परमेश्वरले तिनीहरूलाई त्यस सत्यतालाई प्रकट गर्नुभएको छैन। पवित्र आत्माको बारेमा बाइबलमा धेरै पदहरू छन्। पवित्र आत्मा को हुनुहुन्छ भन्ने चित्रलाई सृजना गर्न मानिसहरूले ती पदहरूलाई मिलाउन सक्छन्। तर पवित्र आत्माको बारेमा अनेकौं अनौठो दृष्टिकोणहरूलाई स्वीकार गर्दैमा चर्चलाई मजबुत बनाउँदैन। पवित्र आत्मा सम्बधित रहस्य मानिसहरूको समझशक्ति वा वौद्धिक ज्ञानभन्दा बाहिरको छ। त्यसकारण हामीले थाहा पाएको भनेर हामीले नबुझेको कुराको बारेमा चर्चा गर्नुभन्दा चुपाचाप बस्नु उचित देखिन्छ।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ५१,५२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. अस्ट्रियाको दार्शनिक लुडविग विटजनस्टेनले एक फेरा लेखेका थिए "हामीले बोल्न नसकेको कुरामा चुपचाप छोडिदिनु असल हुन्छ।" एलेन जी ह्वाइटले माथी व्यक्त गर्नुभएको भावनाभन्दा केही फरकढङ्गले उक्त दार्शनिकले व्यक्त गरेका थिए। तर नितिगतमा हेर्दा दुवै जनाले एउटै भावना व्यक्त गरेको पाइन्छ। पवित्र आत्माले हामीलाई स्पष्ट नपारेको केही सत्य र रहस्यहरूको बारेमा चुपचाप रहनु किन असल देखिन्छ?

आ. कहिलेकाहीँ केही विश्वासका आधारहरूको बारेमा जान्न चाहनु असल हुन्छ जस्तै: "यदि हामीले गरेका विश्वास सत्य होइन भने हामीले के गुमाइरहेका हुन्छौ?" "यदि येशू ख्रीष्ट परमेश्वर हुनुहुन्न भने हाम्रो निम्ति के बेफाइदा छ?" अब

पवित्र आत्माको बारेमा सोच्नुहोस् र सोध्नुहोस्, "यदि पवित्र आत्मा परमेश्वर हुनुहुन्न भने हामीले के गुमाइरहेका हुन्छौं?"।

इ. हामीहरूको आत्मिक जीवनमा देहायको मन्तव्य किन उपयोगी देखिन्छ? हेर्नुहोस्ः “पवित्र आत्माले हामी भरिनुपर्छ। तर उहाँ कुनै व्यक्तित्व नभएको शक्ति, हावा वा बल वा भावना होइन। उहाँ परमेश्वरिय व्यक्ति हुनुहुन्छ। हामीहरूको हृदयमा अत्यन्त गहिरो नम्रतासाथ, आराधना गर्दै र उहाँको वचन पालन गर्ने प्रतिवद्धतासाथ उहाँलाई ग्रहण गर्नुपर्छ। निश्कर्षमा हामी यो भन्न सक्छौं कि हामीमा उहाँ धेरै हुनुभन्दा हामीसँग भएको धेरै उहाँमा हुनु हो- हो, हामीमा सबै थोक जे छ त्यो उहाँलाई सुम्पन्नु हो।"-एलेन जी ह्वाइट, *द कमिङ्ग अभ द कम्फोर्टर*, पृ. १५९बाट रूपान्तरित।